## सिबिआर सहयोग कार्यक्रम को कार्यक्षेत्रगत सर्त (T0R)

**१. कार्यक्रमको पृष्ठभुमी** : अपाङ्गता सम्बन्धी राष्ट्रिय घोषणा, नीति र मान्यता अनुरुप नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गीण हित र पुनर्स्थापनाको लागि विविध कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्दै आएको छ। अपाङ्गता भएका व्यक्तिहरुको समुचित पुनर्स्थापना, अधिकार र समान अवसर सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि राज्यका तीन  तहका सरकारले आ-आफ्नो नीति तथा कार्यक्रम र बजेट निर्माण गरेको अवस्था छ । यसै सन्दर्भमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सिबिआर) सहयोग कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा बजेट विनियोजन गरेको छ । उक्त कार्यक्रमको लागि सिबिआर सहयोग कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनोट सम्बन्धी मापदण्ड, २०७७ समेत निर्माण गरिएको छ ।

**२. कार्यक्रमको उद्धेश्य :**

- अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिको सहभागिता बढाउने ।
- अपाङ्गता हुन नदिन समयमै पहिचान, रोकथाम, न्यूनिकरण गर्ने र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्धारा पुनर्स्थापना गर्ने ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, सीप, नेतृत्व विकास, लघु कर्जा, सहायक सामग्री आदि) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्बी बनाउने ।

**३. कार्यक्रमको कार्यक्षेत्र** : गौरीशङ्कर गाउँपालिका

**४. छनोट भएको संस्थाले सञ्चालन गर्न सक्ने क्रियापलाप :**

- अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानूनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्रदान गर्न मद्धत गर्ने

वाल कुमार श्रेष्ठ
अधिकृत